# कागेश्वरी मनोहरा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं

३ नं. प्रदेश, नेपाल

**बिज्ञापन कर सम्बन्धी पून: बोलपत्र आहवानको सूचना**

सूचना प्रकाशित मिति २०७४।०५।२६

यस कार्यालयबाट चालु आ.व. २०७४/०७५ को अवधिको लागि कागेश्वरी मनोहरा नगरपालिकाको नगर सभाबाट पारित स्थानीय तहको आर्थिक ऐन, २०७४ बमोजिम कागेश्वरी मनोहरा नगरपालिका क्षेत्रभित्र गरिने विज्ञापनको नगर सभाले निर्धारण गरे बमोजिम कर संकलन गर्ने कार्य ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले निम्न शर्तहरुको अधिनमा रही पून: शिलवन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**<u>शर्तहरु</u>**

१. बोलपत्र फाराम रु. १०००।- (एक हजार) (पछि फिर्ता नहुने गरी) नगदै बुझाई नगदी रसिद साथ निवेदन पेश गरे पछि ईच्छुक फर्म वा व्यक्तिले मिति २०७४।०६।०९ सम्ममा कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गर्न सकिनेछ । फर्मको हकमा नविकरण गरिएको इजाजत प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०७२/०७३ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

२. शिलवन्दी गरिएको बोलपत्र मिति २०७४।०६।१० गते दिनको १२:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनु पर्नेछ । उल्लेखित समयभित्र प्राप्त शिलवन्दी बोलपत्र सोही दिनको १:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधि र कार्यालय प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. बोलपत्रसाथ आफुले कबोल गरेको रकमको ५% ले हुन आउने रकम धरौटी वापत यस कार्यालयको कृषि बिकास बैंक, जोरपाटीमा रहेको ग-३-स्थानीय तह धरौटी खाता नं ०२१०८०११५०१३८०४९ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको बोलपत्र खोल्ने दिनबाट ७५ दिन म्याद भएको सक्कलै बिड बन्ड पेश गर्नुपर्नेछ ।

४. बोलपत्र दाखिला गर्दा खाममा राखी शिलवन्दी खामको वाहिर यस कार्यालयको नाम, शिलवन्दी बोलपत्रदाताको नाम, ठेगाना आदि स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

५. बोलपत्र फाराम खरिद गर्ने, शिलवन्दी बोलपत्र दर्ता गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य बिदा पछि कार्यालय खुलेको दिन सोही समयमा खोलिनेछ ।

६. बोलपत्र पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

७. बोलपत्रदाता फर्मको हकमा उल्लेखित कार्यमा भाग लिन अयोग्य नभएको र सम्बन्धित कसुरमा आफूले सजाय नपाएको भनि लिखित रुपमा स्वघोषणा कागजात बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

८. रित नपुगेको, म्याद नाघी वा शर्त राखी पेश भएको बोलपत्र उपर कारबाही हुने छैन ।

९. प्रचलित ऐन, नियम अनुसार विज्ञापनमा लाग्ने सम्पूर्ण कर बोलपत्रदाता स्वयमले नै बेहोर्नु पर्नेछ ।

१०. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

११. यस सूचनामा उल्लेख नभएका बुँदाहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ ।

१२. यो सूचना यस कार्यालयको website:www.kageshworimanoharamun.gov.np मा हेर्न सकिनेछ ।

१३. यस सम्बन्धमा अन्य थप कुराहरु बुझ्नु परेमा कार्यालय समयभित्र फोन नं. ०१४४५०३५६ मा सम्पर्क गर्न सकिनेछ ।

**कामको विवरण**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | न्युनतम कबोल रकम (मु.अ.कर बाहेक) (रु.) |
|---|---|---|---|
| १. | ०२/२०७४-०७५ | विज्ञापन कर सम्बन्धी कार्य | १०,००,०००।- |